बैठक संख्या: ५४

आज मिति २०८३ साल वैशाख महिनाको १४ गतेका दिन यस बुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँ ज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको चालु आ.व २०८२/०८३ को आठौं बैठक बसी तपशिलको उपस्थितीमा देहायका निर्णयहरु गरियो ।

<u>तपशिल:</u>

| हस्ताक्षर | क्र.स | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १. | श्री राम बहादुर बानियाँ | नगर प्रमुख | ९८५८४८३९९१ |
| | २. | श्री माया खड्का कुंवर | नगर उपप्रमुख | ९८४८५४०३७२ |
| | ३. | श्री रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१८०८४६७ |
| | ४. | श्री पदम बहादुर भण्डारी | २ नं. वडा अध्यक्ष | ९८४८४८०२८६ |
| | ५. | श्री खडक बहादुर अधिकारी | ३. नं. वडा अध्यक्ष | ९८४८६०९२३० |
| | ६. | श्री मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| | ७. | श्री चक्र बहादुर थापा | नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| | ८. | श्री हेमराज जैशी | ६ नं. वडा अध्यक्ष | ९८४८६४४७२५ |
| | ९. | श्री भवन सिंह के.सी | ७ नं. वडा अध्यक्ष | ९८४८६९३५७२ |
| | १०. | श्री रमेश बहादुर रावल | ८ नं. वडा अध्यक्ष | ९८४८६४८४९२ |
| | ११. | श्री मिन बहादुर सिंह | ९ नं. वडा अध्यक्ष | ९८६७७३९६४६ |
| | १२. | श्री दल बहादुर सावद | १० नं. वडा अध्यक्ष | ९८५१२११९७१ |
| | १३. | श्री प्रमे बहादुर दमाई (नेपाली) | कार्यपालिका सदस्य | ९८६४९९४४९३ |
| | १४. | श्री सर्पजित सार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| | १५. | श्री विष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |
| | १६. | श्री बसन्ती देवि पाध्याय | कार्यपालिका सदस्य | ९७४८८६३४६७ |
| | १७. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४९ |
| | १८. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | ९८६५६९१६११ |
| | १९. | श्री बुदि देवी नेपाली | कार्यपालिका सदस्य | ९८६९९१९६७३ |
| | २०. | श्री अप्सरा देवी थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ |
| | २१. | श्री प्रेमराज जैशी | नि.प्रमुख प्रशासकिय अधिकृत | ९८६८५६९२७७ |

CamScanner

बुढीगंगा नगरकार्यपालिकाको ५४ औ तथा २०८२/०८३ को आठौं बैठकका प्रस्तुत प्रस्तावहरुः

१. प्रदेश समपुरक र विशेष अनुदानमा प्रस्तावहरु पेश सम्बन्धमा ।

२. दिवा खाजा व्यावस्थापन सम्बन्धी कार्यविधी स्वीकृत सम्बन्धमा ।

३. नेपाल सरकारको आइतवार विदा दिने गरेको निर्यणको सम्बन्धमा ।

४. संस्थागत विद्यालय व्यवस्थापन सम्बन्धमा ।

५. विविधः

क. ईजाजत सम्बन्धमा ।

ख. योजना सम्झौता सम्बन्धमा ।

ग. कर्मचारीको नियूक्ती सम्बन्धमा ।

घ. लक परियोजनाको कर्मचारी छनौट अनुमोदन सम्बन्धमा ।

राम बहादुर बानियाँ

नगर प्रमुख

CamScanner

## निर्णयहरु:

निर्णय नं. १. प्रस्ताव नं.१ माथि छलफल गर्दा आ.व. २०८३/०८४ मा कार्यन्वयन हुने गरी सुदुरपश्चिम प्रदेश सरकारबाट संञ्चालन हुने समपुरक र विषेश अनुदानका लागी यस नगरपालिका बाट तपशिल अनुसारका योजना तथा कार्यक्रमहरु छनौट गरी प्रदेश सरकार समक्ष सिफारिस गर्ने भन्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**तपशिल:**

क) समपुरक तर्फः

१. बारमतोला खेल मैदान निर्माण बुढीगंगा नगरपालिका वडा नं ९-क्रमागत

२. सेरा वसाली हुँदै मुसी हातेलेख कृषी सडक स्तरउन्नती बुढीगंगा नगरपालिका वडा नं ३

३. भुक्तोली पिकनिकस्पट बुढीगंगा नगरपालिका वडा नं ४

ख) विषेश तर्फः

१. प्रविधी मैत्री विद्यालय शिक्षा कार्यक्रम

२. बुढीगंगा कृषी प्रर्वद्धन परियोजना

३. ~~मातृ शिशु तथा बालबालिकाको लागी पोषण सुधार कार्यक्रम~~
बुढीगंगा सीप विकास तथा प्रशिक्षण केन्द्र सञ्चालन, व्यवस्थापन तथा सञ्चाल

निर्णय नं. २. प्रस्ताव नं.२ माथि छलफल गर्दा बुढीगंगा नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा ई.सि.डी देखीं कक्षा ५ सम्म अध्यानरत विद्यार्थिहरुको लागी स्थानिय उत्पादनमा आधारित दिवा खाजा खुवाउनको लागी बुढीगंगा नगरपालिका स्थानिय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन निर्देशिका २०८३ स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं.३ माथि छलफल गर्दा नेपाल सरकारले हरेक आइतवार सबै सरकारी कार्यालयहरुमा सार्वजनिक विदा दिने निर्णय अन्तर्गत विद्यालयमा विद्यार्थिहरुको पठनपाठनलाई मध्येनजर गर्दै सो निर्णय कार्यन्वयनको लागी विद्यालय व्यवस्थापन समिति, विद्यालय शिक्षक अधिभावक संघ र शिक्षासंग सम्वद्ध जानकारहरुको राय सुझाव संकलन गरी शिक्षा समिति मार्फत आगामी कार्यपालिकाको बैठकमा प्रस्ताव पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं.४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत संचालित सबै संस्थागत विद्यालयहरुले पठनपाठन गर्न अध्यायन अनुमति प्राप्त शिक्षकहरुको व्यवस्थापन गर्नुपर्ने साथै शिक्षकहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक प्रदान गर्नको लागी सबै संस्थागत विद्यालयहरुमा पत्राचार गर्ने र सोको पालिका बाट अनुगमन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner

निर्णय नं. ५. प्रस्ताव नं.५ माथि छलफल गर्दा तपशिल बमोजिमका प्रस्तावहरुमा निम्न निर्णय गरियो ।

क. प्रस्ताव नं ५ को क माथि छलफल गर्दा घ वर्गको ईजाजत प्राप्त श्री एम.वि. कन्ट्रक्सन फर्मका संचालक श्री भक्त राना बाट श्रीमति लछु रानाको नाममा सराई गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

ख. प्रस्ताव नं ५ को ख माथि छलफल गर्दा यस बुढीगंगा नगरपालिका बाट संचालन हुने सबै योजनाहरु यहि मिति २०८३/०१/२० गते सम्म मात्र योजना सम्झौता गर्ने र बुढीगंगा नगरपालिका र जलवायु परिर्वतन स्थानिय अनुकुलन परियोजनाको साझेलारीमा संचालन गरिने ३ वटा खानेपानी र १ वटा सिंचाई योजनाको सबै डिजाइन तथा लागत इस्टमेट तयार भई योजना स्तरको अनुगमन समेत भइसकेको हुँदा उक्त योजना कार्यन्यनको लागी नगरपालिका र सम्बन्धित उपभोक्ता समितिहरु संग सम्झौता गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

ग. प्रस्ताव नं ५ ग माथि छलफल गर्दा बुढीगंगा नगरपालिका जलवायु परिर्वतन स्थानिय अनुकुलन परियोजना अन्तर्गतका क्रियाकलापहरुमा कार्य गर्नको लागी यस नगरपालिकाले पदपूर्ति प्रक्रिया बाट छनौट भएका कर्मचारीहरुलाई नियूक्ती गरी कमकाजमा लगाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**छनौट भएका कर्मचारीहरु:**

१. परियोजना अधिकृत: कृष्ण बहादुर अधिकारी, बुढीगंगा नगरपालिका वडा नं ३

२. सव-इन्जिनियर: उपेन्द्र बहादुर शाह बुढीगंगा नगरपालिका ७

३. जलस्रोत प्राविधिक: क. रुप बहादुर थापा बुढीगंगा नगरपालिका ५

ख. चक्र बहादुर कुँवर साँफेवगर नगरपालिका १३

घ. प्रस्ताव नं ५ घ माथि छलफल गर्दा लक परियोजना व्यवस्थापन समितिले गरेको निर्णय अनुमोदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२०८२/०१/१७